सूर्योदय नगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको "सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७८"

सभाबाट स्वीकृत मिति-२०७८/०३/१३

प्रस्तावना :

सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०७८/७९को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि सूर्योदय नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर :**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको (प्लिन्थ एरिया) जग्गाको मूल्यांकित रकममा अनुसूची -१ को दरमा सम्पत्ति कर लगाउनेछ।

स्पष्टीकरण:- यस दफाको प्रयोजनका लागि " घरले चर्चेको जग्गा " भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो जग्गा बराबरको थप जग्गा सम्म बुझ्नुपर्छ।

(२) उपदफा (१) बमोजिमको जग्गाको मूल्यांकन गर्दा अनुसूची -२ मा उल्लेख भएको दर भन्दा कम हुने गरी मूल्यांकन गरिने छैन।

३. **भूमि कर (मालपोत):**(१)नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लागेको घरजग्गा बाहेकको जग्गामा अनुसूची -३ बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

(२) नगरकार्यपालिकाबाट निर्धारित मापदण्डमा उल्लेख भएको जगगाको मूल्यांकन रकम अनुसूची ३ को प्रकरण (४) मा उल्लेख भएबमोजिम हुनेछ।

४. **घरवहाल कर :**नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी र यस्तै पक्की वा कच्ची संरचना पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -४ बमोजिम घरवहाल कर लगाइने र असूल गरिनेछ।

५. **घरजग्गा रजिष्ट्रेशन शुल्क:** (१) नगरपालिका क्षेत्रभित्रको घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन पारित गरी स्वामीत्व परिवर्तन भएका वखत प्रदेश सरकारले तोकेको अनुसूची -५ बमोजिमको दररेटमा घरजग्गा रजिष्ट्रेशन शुल्क असुल गरिनेछ।

(२)उपदफा (१) बमोजिम नगरपालिकामा घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन आवश्यक पर्ने साधन, श्रोत, प्रविधि तथा जनशक्तिको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन शुल्क असुल गरिनेछ।

(३)उपदफा (२) बमोजिम संकलित रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ।

६. **सवारी साधन कर**:(१) नगरपालिका क्षेत्रभित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेका टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा अनुसूची-६ बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ।

(२) प्रदेश कानून बमोजिम प्रदेश सरकारले लगाएको सवारी साधन कर प्रदेश सरकारले तोकेको कार्यालयमा नै बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संकलित रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ।

(४) आ.व. २०७८ असार मसान्त अगावै दर्ता गरी नगरक्षेत्रभित्र सञ्चालन हुनु पर्नेमा उक्त अवधिमा दर्ता नगरी सञ्चालनमा रहेका टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरको दर्तामा अनुसूची - ६ मा उल्लेखित दरमा थप १० प्रतिशत जरिवाना लगाई दर्ता गरिनेछ।

७. **मनोरञ्जन कर :**(१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची -७ बमोजिम प्रदेश सरकारले लगाएको दरमा मनोरञ्जन कर असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठेको महिनाभन्दा पछिल्लो महिनाको २५ गते भित्र नगरपालिकामा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको रकम नगरपालिकाको विभाज्य कोषमा जम्मा गरी प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।

(४) उपदफा (३) बमोजिम बाँडफाँड भएको रकम मध्ये प्रदेश कानून बमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाले सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

८. **विज्ञापन कर :**(१) नगरपालिका क्षेत्रभित्र राखिने होर्डिंग बोर्ड, साइन बोर्ड, ब्यानर, ट्राई भिजन ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टिल वा धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको विज्ञापन/प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाइने र असुल गरिनेछ।

(२) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची -८ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(३) उपदफा (२) बमोजिमको रकम नगरपालिकाको विभाज्य कोषमा जम्मा गरी प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।

(४) उपदफा (३) बमोजिम बाँडफाँड भएको रकम मध्ये प्रदेश कानून बमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाले सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) यस अघि नगरपालिकाले बहुवर्षे सम्झौता गरि लागु भएको विज्ञापन कर प्रति वर्ष १० प्रतिशत थप गरि अशुलि गर्ने गरेको रकम, यसै ऐन बमोजिम असुलि भएको मानिने छ।

९. **व्यवसायकर :** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -९ बमोजिम व्यवसाय दर्ता र नवीकरणमा व्यवसाय कर लगाइने र असूल गरिनेछ।

(२) गत विगत वर्ष देखि नविकरण गर्न छुट भएका व्यवसायहरुको नविकरण गर्दा अनुसूची ९ मा उल्लेखित दरको अतिरिक्त जरिवाना वापत अनुसूची- ९ (क) बमोजिमको दरले हुने रकम थप गरी असुल गरिनेछ।

(३) गत विगत आ.ब.मा दर्ता भएका व्यवसायहरु २०७८ असोज मसान्त सम्ममा नविकरण गरेमा नविकरण शुल्कको २० प्रतिशतले हुने रकम छुट गरिने छ।

१०. **सेवा शुल्क, दस्तुर :**नगरपालिकाले नेपालको संविधानको अनुसूची -८ बमोजिमका क्षेत्र र विषयमा आफूले पूर्याएको सेवाबापत अनुसूची -१० मा उल्लेखित दरमा सेवाशुल्क तथा दस्तुर लगाई असुल गरिनेछ।

११. **पर्यटन शुल्क :**(१) आर्थिक वर्ष २०७८/७९ मा सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका उद्यान पार्क संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरेबापत नगरपालिकाले अनुसूची - ११ बमोजिम पर्यटन शुल्क लगाई असुल गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क सम्बन्धी कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सङ्कलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।

(४) उपदफा (३) बमोजिम संकलन भएको रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी नगरपालिकाले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

१२. **सवारी साधन पार्किङ शुल्क :**नगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा अनुसूची -१२ बमोजिम सवारी साधन पार्किङ शुल्कलगाई असुल गरिनेछ।

१३. **बहाल विटौरी शुल्क :**(१) नगरपालिका क्षेत्रभित्र सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको, ऐलानी, पर्ति जग्गा को भोगचलन वापत र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति लिएका पसल व्यवसायीहरु सँग अनुसूची - १३ बमोजिम बहाल विटौरी शुल्क लगाई असुल गरिनेछ।

१४. **अखेटो पहारमा लाग्ने कर :** नगरपालिका क्षेत्रभित्र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिककारोवार गरेबापत अनुसूची -१४ बमोजिमको कर लगाई असुल गरिनेछ।

१५. **पूर्वाधार उपयोग सेवा शुल्क:** नगर क्षेत्रभित्रका नगरपालिकाले निर्माण गरेका तथा हस्तान्तरण भई नगरपालिकाको स्वामीत्वमा रहेका पूर्वाधारहरुको उपयोग गरेबापत अनुसूची -१५ बमोजिमको पूर्वाधार उपयोग सेवा शुल्क असुल गरिनेछ।

१६. **प्राकृतिक श्रोत संकलन तथा विक्री शुल्क:** (१) आर्थिक वर्ष २०७७/७८ मा सूर्योदय नगरपालिका भित्र बमोजिम ढुंगा गिटी वालुवा माटो दहत्तर बहत्तरको संकलन तथा विक्रिमा अनुसूची- १६ शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले ढुंगा गिटी वालुवा माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्ययोजना प्रदेश सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जे सुकै कुरा लेखिएको भएतापनि यस भन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको अवस्थामा ढुंगा गिटी वालुवा माटो र दहत्तर बहततर संकलन गर्न वाधा पर्ने छैन।

(४) उपदफा(३) बमोजिम प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कको संकलित रकम नगरपालिकाको विभाज्य कोषमा जम्मा गरिनेछ।

(५) उपदफा (४) बमोजिम संकलित प्राकृतिक श्रोत तथा विक्री शुल्क बापतको रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी नगरपालिकाले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ।

१७. **वन पैदावार शुल्क :**(१) आर्थिक वर्ष २०७७/७८ मा सूर्योदय नगरपालिका क्षेत्रभित्र नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वनमध्ये उपभोक्ता समूहले कानून बमोजिम कार्ययोजना बनाई निकालिएको साल र खयर बाहेकका काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि विक्री गरेमा त्यसरी विक्री गरी प्राप्त गरेको रकममा दश प्रतिशत रकम वन पैदावार शुल्क बापत स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि काठ विक्री गरी उपभोक्ता समूहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, वातावरण संरक्षण र स्थानीय विकाससँग सम्बन्धित कार्यमा खर्च गर्नुपर्नेछ।

(३) वन पैदावार शुल्क सम्बन्धी कार्यविधि प्रदेश कानूनले निर्धारित गरे बमोजिम हुनेछ।

१८. **कृषिजन्यवस्तुको व्यावसायिक कारोबारमा कर:**(१) कृषिजन्य उत्पादनको नगरपालिका क्षेत्रभित्र हुने व्यावसायिक कारोबारमाअनुसूची - १७ बमोजिम कर लगाई असुल गरिनेछ।

१९. **दण्ड जरिवाना: (१)** नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले स्थानीय कानूनको उल्लंघन गरेको पाइएमा दण्ड जरिवाना गर्न सक्नेछ।

(२) यस ऐनको उल्लंघन बापत दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

२०. **दर घटाउन, बढाउन वा छुट दिन सकिने :**(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिका वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामीत्व भएका संगठित संस्थालाई मालपोत तथा सम्पत्ति कर छुट गरिएको छ। त्यस्ता निकायलाई यस ऐन बमोजिम लाग्ने अन्य दस्तुर, शुल्क र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) ठेक्का प्रक्रियाबाट आन्तरिक आय संकलन गर्दा गराउँदा त्यस्तो ठेक्काको सम्पूर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । किस्ताबन्दीमा छुटको सुविधा दिइने छैन ।

(४) महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा पैँतीस प्रतिशत शुल्क छुट दिईनेछ ।

(५) "ग" श्रेणी सम्मको परिचय पत्र प्राप्त अपाङ्गभएका ब्यात्ति हरुद्वारा संचालित उद्योग व्यवसायमा नगरपालिकामा लिइने करमा ५० प्रतिशत सम्म कर छुट गरिनेछ ।

(६) नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने"ग"श्रेणी सम्मको परिचय पत्र प्राप्त सबै अपाङ्ग विद्यार्थीहरु र दलित विद्यार्थीहरु लाई विद्यालयमा कुनै प्रकारको शुल्क लाग्ने तथा लगाईने छैन ।

२१. **विश्व ब्यापि रुपमा फैलिएको कोरोना ,कोविड- १९ को दोस्रो भेरिएन्टका कारण नगरपालिकाले असूल गर्ने करमा छुट सम्बन्धि ब्यावस्था**:(१)यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा ब्यावसायीले नगरपालिकालाइ बुझाउनु पर्ने आ. ब. २०७८/७९ को कर रकम २०७८ असोज मसान्त सम्ममा बुझाएमा १० प्रतिशत छुट दिइनेछ ।

(२) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका सवै व्यक्तिहरु वा ब्यावसायहरुलाई अनुसुचि १८ मा उल्लेख भए बमोजिमको छुट दिइने छ ।

२२. **आय ठेक्का वन्दोवस्त सम्बन्धी व्यवस्था :** (१)नगरपालिकाले असुल गर्ने कर तथा सेवा शुल्क असुलीका लागि आय ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आय ठेक्का वन्दोवस्त गर्ने प्रयोजनका लागि यस ऐनको अनुसूचीहरुमा उल्लेखित न्यूनतम कबोल अंकमा बढ्ने गरी ठेक्का वन्दोवस्तको प्रकृया प्रारम्भ गर्नु पर्नेछ ।

(३) आय ठेक्का वन्दोवस्त सम्बन्धी व्यवस्था सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७५ बमोजिम हुनेछ ।

(४) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि २०७८ श्रावणबाट ठेक्का प्रारम्भ हुने गरी ठेक्का वन्दोवस्त प्रकृया शुरु हुन नसकेमा ठेक्का संझौता हुने महिना देखि आर्थिक वर्ष अन्त हुने अवधिको लागि न्यूनतम अंकको मासिक दामासाहीमा हुने रकमलाई न्यूनतम अंक मानि ठेक्का वन्दोवस्तको प्रकृया प्रारम्भ गर्न वाधा पर्ने छैन ।

२३. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने:**

(१) प्रचलित करसम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसँग मिल्दोजुल्दो अर्को विषयको दररेटलाई आधार मानी दर कायम गरिनेछ।

अनुसूची - १

(दफा (२) को उपदफा (१) सँग सम्वन्धित)

सम्पत्ति करको दर (आ.व. २०७७/७८)

क्र.सं.	अनुसूची २ बमोजिमको मूल्यांकित रकम	दर प्रतिलाख रु.
१	५००००० सम्मको मूल्यांकित रकममा	एकमुष्ट १००
२	१०००००० सम्मको मूल्यांकित रकममा	एकमुष्ट १५०
३	२०००००० सम्मको मूल्यांकित रकममा	१५
४	३०००००० सम्मको मूल्यांकित रकममा	२०
५	४०००००० सम्मको मूल्यांकित रकममा	२५
६	५०००००० सम्मको मूल्यांकित रकममा	३०
७	६०००००० सम्मको मूल्यांकित रकममा	३५
८	७०००००० सम्मको मूल्यांकित रकममा	४०
९	८०००००० सम्मको मूल्यांकित रकममा	४५
१०	९०००००० सम्मको मूल्यांकित रकममा	५०
११	१००००००० सम्मको मूल्यांकित रकममा	५५
१२	२००००००० सम्मको मूल्यांकित रकममा	६०
१३	४००००००० सम्मको मूल्यांकित रकममा	६५
१४	४००००००० भन्दा माथिको मूल्यांकित रकममा	७०

अनुसूची - २

(दफा (२) को उपदफा (२) सँग सम्वन्धित)

सम्पत्तिको मुल्याङ्कन (आ.व. २०७८/७९)

(क) घरको मूल्यांकन:- देहाय बमोजिमको न्यूनतम मूल्यांकन दरका आधारमा मूल्यांकित रकम

घरको किसिम	दर (प्रति वर्गफिट रु.)	कैफियत
बाँसको बारबेर गरी माटोको लिउन गरेको/नगरेको र प्लास्टिक/खर/कर्कटपाताको छानो भएको	३००	
इँटा/ढुङ्गा - माटोको जोडाइ - बाँस/काठ/ सिमेन्टले बारबेर गरी प्लास्टिक/खर/कर्कट पाताको छाना लगाएको	६००	
काठको घर कर्कटपाताको छाना भएको	८००	
स्टील फ्रेम स्टक्चर, जस्तापाताको छाना तथा वेरा भएको	१०००	
कर्कटपाताको छानो भएको इँटा, ढुङ्गा सिमेन्टको जोडाई भएको	१५००	
आर सि.सि. सिमेन्ट प्लास्टर भएको कर्कट पाता वा ढलान छानो भएको	२०००	
कम्पाउण्ड वाल	३००	

(ख) जग्गाको मूल्यांकन:- नगर कार्यपालिकाबाट निर्धारित मापदण्ड बमोजिम घरले चर्चेको जग्गाको करदाताले घोषणा गरेको जग्गाको बर्गिकरणका आधारमा मूल्यांकित रकम।

द्रष्टव्य : नगरकार्यपालिकाबाट निर्धारित मापदण्ड बमोजिम व्यापारिक क्षेत्रमा पर्ने कित्ता १ रोपनी भन्दा बढी वा आवाशीय क्षेत्रमा पर्ने कित्ता २ रोपनी भन्दा बढी क्षेत्रफलको भएमा उल्लेखित क्षेत्रफल भन्दा बढी जग्गालाई कृषि क्षेत्रको मानी बहु दरमा मूल्यांकन गरिनेछ।

(ग) सम्पत्तिको मूल्यांकन = (क) + (ख)

अनुसूची - ३

(दफा (३) सँग सम्वन्धित)

भूमिकर (मालपोत) रकम (आ.व. २०७८/७९)

(१) मालपोतको दर : सम्पत्ति कर लाग्ने जग्गा बाहेकको जग्गाको प्रकरण (४) मा उल्लेखित वर्गिकरण बमोजिम प्रति रोपनी मूल्यांकन दरको आधारमा मूल्यांकित रकममा

क्र.सं.	अनुसूची २ बमोजिमको मूल्यांकित रकम	दर प्रतिलाख रु.
१	५००००० सम्मको मूल्यांकित रकममा	एकमुष्ट १००
२	१०००००० सम्मको मूल्यांकित रकममा	एकमुष्ट १५०
३	२०००००० सम्मको मूल्यांकित रकममा	१५
४	३०००००० सम्मको मूल्यांकित रकममा	२०
५	४०००००० सम्मको मूल्यांकित रकममा	२५
६	५०००००० सम्मको मूल्यांकित रकममा	३०
७	६०००००० सम्मको मूल्यांकित रकममा	३५
८	७०००००० सम्मको मूल्यांकित रकममा	४०
९	८०००००० सम्मको मूल्यांकित रकममा	४५
१०	९०००००० सम्मको मूल्यांकित रकममा	५०
११	१००००००० सम्मको मूल्यांकित रकममा	५५
१२	२००००००० सम्मको मूल्यांकित रकममा	६०
१३	४००००००० सम्मको मूल्यांकित रकममा	६५
१४	४००००००० भन्दा माथिको मूल्यांकित रकममा	७०

(२) उल्लेखित दर बमोजिम हुन आउने मालपोत (भूमिकर) रकम जतिसुकै भए तापनि कृषि क्षेत्रमाएक करदाता (संस्था, फर्म, उद्योग बाहेक) सँग रु. १७,००० भन्दा बढी मालपोत (भूमिकर) असुल गरिने छैन।

(३) गत विगत वर्ष देखि मालपोत बुझाउन बाँकी करदाताहरुबाट बक्यौता मालपोत रकममा देहायको दरमा जरिवाना थप गरी मालपोल असुल गरिनेछ।

क्र स	आ. ब.	मालपोत असुलि
१	आ. ब. २०७२/७३ साल अगाडि सबै आ. ब. को	३५ प्रतिशत
२	आ. ब. २०७३/७४	३० प्रतिशत
३	आ. ब. २०७४/७५	२५ प्रतिशत
४	आ. ब. २०७5/७६	२० प्रतिशत
५	आ. ब. २०७६/७७	१५प्रतिशत
६	आ. ब. २०७७/७८	१० प्रतिशत

(४) **नगरकार्यपालिकाबाट निर्धारित मापदण्डमा उल्लेख भएको जग्गाको मूल्यांकन रकम**

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
१	१	क) ऋषिमोड माने भञ्ज्याङ सडक (बाह्रमासे सडक) अन्तर्गत	व्यापारिक	क) गोर्खे बजार क्षेत्रभित्र कालोपत्रे सडकले छोएका कित्ताहरु	१० लाख
				ख) गोर्खे बजार क्षेत्रभित्र कालोपत्रे सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	३ लाख
			आवास	क) मंगलबारे र साँघुबेसी बजार क्षेत्रभित्र सडकले छोएका कित्ताहरु	८ लाख
				ख) मंगलबारे र साँघुबेसी बजार क्षेत्रभित्र सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	२ लाख पचास हजार
				क) ऋषिमोड माने भञ्ज्याङ सडक (बाह्रमासे सडक)ले छोएका कित्ताहरु (व्यापारिक र क को आवास क्षेत्र बाहेक)	२ लाख
				ख) ऋषिमोड माने भञ्ज्याङ सडक (बाह्रमासे सडक)ले छोएका कित्ताहरु (व्यापारिक र क को आवास क्षेत्र बाहेक) बाँकि क्षेत्रफल	१ लाख
			कृषि	व्यापारिक र आवास क्षेत्र बाहेकका सडकले नछोएका सबै कित्ताहरु	१ लाख
२		ख) माने भञ्ज्याङ, छघरेदेखि मानेडाँडा हुँदै ढोका खोला सडक	कृषि	क) माने भञ्ज्याङ, छघरेदेखि मानेडाँडा हुँदै ढोकाखोला सडक आसपासका सबै कित्ताहरु	५० हजार

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
३		ग) गोर्खे ओद्री खोला मानेडाँडा थुम्के सन्दकपुर (पर्यटन) सडक	आवास	क) गोर्खे ओद्रीखोला मानेडाँडा थुम्के सन्दकपुर (पर्यटन) सडक आसपास भष्मे–थुम्के क्षेत्र सडकको मुखदेखि ५०० मिटरसम्म सडकको दायाँबायाँ १५ मिटरसम्म आवास क्षेत्रका कित्ताहरु	३ लाख
			कृषि	आवास क्षेत्र बाहेकका सबै कित्ताहरु	१ लाख
४		घ) धाप–शनिश्चरे सडक	आवास	धाप बजार क्षेत्रभित्र धाप-शनिश्चरे सडकले छोएका कित्ताहरु	५ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				धाप बजार क्षेत्रभित्र धाप-शनिश्चरे सडकले नछोएका कित्ताहरु र बाँकि क्षेत्रफल	२ लाख
			कृषि	**धाप–शनिश्चरे सडकको आवास क्षेत्र बाहेक आसपासका बाँकी सबै कित्ताहरु**	**१ लाख पचास हजार**
		ङ) स्मृति फाटक मिलन चोक मानेडाँडा सडक	कृषि	स्मृति फाटक मिलन चोक मानेडाँडा सडक आसपासका सबै किताहरु	१ लाख ५० हजार
		च) मंगलबारे सानो बाङ्गिन थुम्के सडक	कृषि	क) मंगलबारे सानो बाङ्गिन थुम्के सडक आसपासका सबै कित्ताहरु	१ लाख
		छ) अन्य क्षेत्र भए	अन्य		५० हजार
१	२	क) फिक्कल पशुपतिनर कालोपत्रे सडक	व्यापारिक	क) २ नं. वडा भित्र रहेको फिक्कल पशुपतिनगर कालो पत्रे सडकले छोएका बजार क्षेत्रभित्रको कित्ता हरु	५२ लाख
				ख) २ नं. वडा भित्र रहेको फिक्कल पशुपतिनगर कालोपत्रे सडकले छोएका बजार क्षेत्रभित्रको कित्ताहरु बाँकि क्षेत्रफल	५ लाख
			आवास	पशुपतिनगर बजार क्षेत्र बाहेक २ नं. वडा भित्र रहेको फिक्कल पशुपतिनगर कालोपत्रे सडकले छोएको कित्ताहरु	११ लाख
				पशुपतिनगर बजार क्षेत्र बाहेक २ नं. वडा भित्र रहेको फिक्कल पशुपतिनगर कालोपत्रे सडकले छोएको कित्ताहरु बाँकि क्षेत्रफल	५ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
			कृषि	फिक्कल पशुपतिनर कालोपत्रे सडकले नछोएका कित्ताहरु	४लाख
२		ख) सिमा सडकः- निशाने हिले अर्थे पुरानो बसपार्क हुदै मानेभन्ज्याङ्ग सडक	आवास	क) सिमा सडकले छोएका कित्ताहरु	४ लाख
				ख) सिमा सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	२ लाख
			कृषि	क) सिमा सडकले नछोएका कित्ताहरु	८० हजार
३		ग) पशुपतिनगर रिङ्गरोडः- देउराली टोल बागविरे हुदै मानेभन्ज्याङ्ग छेडी इलाका प्रहरी कार्यालय शान्ती टोल पुरानो चैकी सडक	आवास	क) पशुपतिनगर रिङ्गरोडले छोएका सबै कित्ताहरु	८ लाख
				ख) पशुपतिनगर रिङ्गरोडले छोएका सबै कित्ताहरु बाँकि क्षेत्रफल	३ लाख
४		घ) सयपत्री टोल हुँदै लालिखर्क पशुपतिनगर देउराली महादेब स्थान मंगलवारे सडक	कृषि	क)सयपत्री टोल हुँदै लालिखर्क पशुपतिनगर देउराली महादेव स्थान सडक आसपासका कित्ताहरु	८० हजार
५		ङ) पुरानो चौकी अर्थेटार दहालवारी सडक	कृषि	क) पुरानो चौकी अर्थेटार दहालवारी सडक आसपासका कित्ताहरु	८० हजार
६		अन्य क्षेत्र भए	अन्य		५० हजार
१	३	क) फिक्कल पशुपतिनगर सडक	व्यापारिक	क) तिनखुट्टेदेखि सरकारी चिज उद्योगसम्म कालोपत्रे सडकले छोएका कित्ताहरु	४० लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				ख) तिनखुट्टेदेखि सरकारी चिज उद्योगसम्म कालोपत्रे सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१० लाख
			आवास	क) व्यापारिक क्षेत्र वाहेकका तिनखुट्टेदेखि सरकारी चिज उद्योगसम्म सडकको दायाँबाँयाँ १०० मिटरसम्मका कित्ताहरु	३० लाख
				ख) व्यापारिक क्षेत्र वाहेकका तिनखुट्टेदेखि सरकारी चिज उद्योगसम्म सडकको दायाँबाँयाँ १०० मिटरसम्मका कित्ताहरु को बाँकि क्षेत्रफल	५लाख
			कृषि	क) फिक्कल पशुपतिनगर सडकले नछोएका कित्ताहरु	२ लाख
२		ख) बरबोटे पान्दाम जील मेलबोटे गोर्खे सडक	कृषि	क) बरबोटे पान्दाम जील मेलबोटे गोर्खे सडकले छोएका कित्ताहरु	५ लाख
				ख) बरबोटे पान्दाम जील मेलबोटे गोर्खे सडकले नछोएका सबै कित्ताहरु	२ लाख
३		ग) रुङसुङ चोक मेलबोटे गोर्खे सडक (अलवेदर)	कृषि	क) रुङसुङ चोक मेलबोटे गोर्खे सडक (अलवेदर)सडकले छोएका कित्ताहरु	३ लाख
				ख) रुङसुङ चोक मेलबोटे गोर्खे सडक (अलवेदर)सडकले नछोएका सबै कित्ताहरु	१ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
			कृषि	**ग) छिपिटार अन्तु कालोपत्रे सडक (सिद्धिखोला–अन्तु भञ्ज्याङसम्म) सडकले नछोएका कित्ताहरु**	**३ लाख**
२		ख) छविसे छिरुवा वडा कार्यालय सिद्धिखोला सल्लेरी श्रीबुङ मेचीगाउँ सडक	आवास	क) छविसे छिरुवा वडा कार्यालय सिद्धिखोला सल्लेरी श्रीबुङ मेचीगाउँ सडकले छोएका कित्ताहरु (मेची बजार आसपास)	१० लाख
				ख) छविसे छिरुवा वडा कार्यालय सिद्धिखोला सल्लेरी श्रीबुङ मेचीगाउँ सडकले छोएका कित्ताहरु (मेची बजार आसपास) बाँकि क्षेत्रफल	२ लाख
			कृषि	क) आवास क्षेत्र बाहेक छविसे छिरुवा वडा कार्यालय सिद्धिखोला सल्लेरी श्रीबुङ मेचीगाउँ सडक आसपासका कित्ताहरु	२ लाख
३		ग. अन्तु चक्रपथ (ठाकुर चोक गणेश हिमाल दलित बस्ती करफोक अन्तुपोखरी खोला गोदाम सडक)	आवास	अन्तुपोखरी आसपासका कित्ताहरु	५ लाख
				अन्तुपोखरी आसपासका कित्ताहरु बाँकि क्षेत्रफल	२ लाख
			कृषि	क) अन्तु चक्रपथ (ठाकुर चोक गणेश हिमाल दलित बस्ती करफोक अन्तुपोखरी खोला गोदाम सडक)ले छोएका कित्ताहरु	२ लाख
			कृषि	क) अन्तु चक्रपथ (ठाकुर चोक गणेश हिमाल दलित बस्ती करफोक अन्तुपोखरी खोला गोदाम सडक)ले नछोएका कित्ताहरु	१लाख पचास हजार
४			आवास	क) मेचीखोला छिरुवा जनक मावि कार्की डाँडा खतिवडा गाउँ हुँदै छिरुवा सडकले छोएका कित्ताहरु	२ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
		घ) मेचीखोला छिरुवा जनक मावि कार्की डाँडा खतिवडा गाउँ हुँदै छिरुवा सडक		ख) मेचीखोला छिरुवा जनक मावि कार्की डाँडा खतिवडा गाउँ हुँदै छिरुवा सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१ लाख
			कृषि	क) आवास क्षेत्र बाहेक मेचीखोला छिरुवा जनक मावि कार्की डाँडा खतिवडा गाउँ हुँदै छिरुवा सडकले नछोएका कित्ताहरु	१ लाख
५		ङ) श्रीबुङ डाँडागाउँ थुलुङगाउँ नेपालगाउँ हुँदै टारी उनिउटार गजुरेलगाउँ सडक	कृषि	क) श्रीबुङ डाँडागाउँ, थुलुङगाउँ, नेपालगाउँ हुँदै टारी उनिउटार गजुरेलगाउँ सडकले छोएका कित्ताहरु	२ लाख
			कृषि	ख) श्रीबुङ डाँडागाउँ थुलुङगाउँ नेपालगाउँ हुँदै टारी उनिउटार गजुरेलगाउँ सडकले नछोएका कित्ताहरु	१ लाख
६		वडामा अन्य क्षेत्र भए	अन्य		५० हजार
१	५	क) सिमा सडकः-भन्ज्याङ्क शान्तीबजार हुँदै रोङ्ग टोल	आवास	वडा नं. ४ र ५ को सिमाना भन्ज्याङ्गदेखि अन्नुडाडाँ रातमाटे खेलमैदानसम्मको सडकले छोएका कित्ताहरु	४० लाख
				वडा नं. ४ र ५ को सिमाना भन्ज्याङ्गदेखि अन्नुडाडाँ रातमाटे खेलमैदानसम्मको सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	५ लाख
			कृषि	वडा नं.४ र ५ को सिमाना भन्ज्याङ्गदेखि अन्नुडाडाँ रातमाटे खेल मैदानसम्मको सडकले नछोएका कित्ताहरु	५ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
२		ख) महेन्द्रवेशी गोलेटार शान्तीबजार लम्बागौडाहुदै खोला गोदाम सडक	आवास	महेन्द्रवेशी गोलेडाडाँ शान्ती बजार, लम्बागौडा खोला गोदाम सडकको शान्तीबाजार क्षेत्रभित्र सडकले छोएका कित्ताहरु	१० लाख
				महेन्द्रवेशी गोलेडाडाँ शान्ती बजार, लम्बागौडा खोला गोदाम सडकको शान्तीबाजार क्षेत्रभित्र सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	२ लाख
			कृषि	महेन्द्रवेशी गोलेडाडाँ शान्ती बजार लम्बागौडा खोला गोदाम सडकले नछोएका कित्ताहरु	२ लाख
३		ग) महेन्द्रवेशी बौद्ध आ.वि.रवि गोलाइदेखी लम्बागौडा सडक	कृषि	महेन्द्रवेशी बौद्ध आ.वि.रवि गोलाईदेखि लम्बागौडा सडक आसपासका सबै कित्ताहरु	५० हजार
४		घ) भन्ञयाङ्ग शान्तीबजार समालबुङ्ग मा.वि.उदयचोक कार्की गोलाइ शान्तिधारा रवि गोलाई देखी सिमा सडक	आवास	समालभ्याली र गोलेडाँडाका कित्ताहरु	८ लाख
				उदय चोकको कित्ताहरु	६ लाख
			कृषि	भन्ञयाङ्ग शान्तीबजार समालबुङ्ग मा.वि.उदयचोक कार्की गोलाई शान्तिधारा रवि गोलाईदेखि सिमा सडकसम्मका कित्ताहरु	१ लाख
५		ङ) घले चौतारी देखी बौद्ध आ.वि. हुदै सिमा सडक जोड्ने सडक	कृषि	घले चौतारीदेखि बौद्ध आ.वि. हुदै सिमा सडक जोड्ने सडक आसपासका सम्पुर्ण कित्ताहरु	५०हजार
६		च) अन्य क्षेत्र भए	अन्य		५० हजार

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
१	६	क) मेची राजमार्ग	कृषि	क) मेची राजमार्ग अन्तर्गत कन्याम अलवेदर सडक देखि अगाडिको जग्गा (हर्कटे बजार क्षेत्र साविक कन्याम ३, ४, ५ र ७)	५०लाख
			कृषि	क बाहेकका जग्गाको कित्ताहरु	२ लाख
२		ख) सुकेपोखरी ग्यावा चोक लामपँधेरो महेन्द्रबेसी सडक (अलवेदर)	कृषि	पञ्चकन्या आवि देखि लामपँधेरोसम्म सडकले छोएका कित्ताहरु	१०लाख
			कृषि	पञ्चकन्या आवि देखि लामपँधेरो सम्म सडकले नछोएका कित्ताहरु	६ लाख
३		ग) हुहुँरे भञ्ज्याङ ग्यावा चोक सडक	आवास	सुकेपोखरी देखि हुहुँरे भञ्ज्याङसम्मको सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१८ लाख
				सुकेपोखरी देखि हुहुँरे भञ्ज्याङसम्मको सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	५ लाख
			कृषि	आवास क्षेत्र बाहेकका सबै कित्ताहरु	५ लाख
४		घ) हर्कटेबाट रामजानकी मन्दिर तारगाउँ सिद्धिखोला सडक	कृषि	हर्कटेबाट रामजानकी मन्दिर तारगाउँ सिद्धिखोला सडक आसपासका सबै कित्ताहरु	३ लाख
५			कृषि	हर्कटे सुके पोखरि सडकले छोएका कित्ताहरु	३ लाख
६		ङ) वडा नं.८ मालुम सिद्धिगाउँ डब्बु गाउँ हुँदै तारगाउँ जाने रिङरोड सडक	कृषि	वडा नं. ८ मालुम सिद्धिगाउँ डब्बु गाउँ हुँदै तारगाउँ जाने रिङरोड सडक आसपासका सबै कित्ताहरु	३ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
७		हर्कटे रम्ङ्भ्याङ जिर्मले बाहुनडागि सडक	कृषि	हर्कटे रम्ङ्भ्याङ जिर्मले बाहुनडागि सडकले छोएका कित्ताहरु	८ लाख
८		**अन्य क्षेत्र**	**अन्य**	**ढकालटोल विकास देखि गाउ सिद्धिखोलाको सम्मको सडक क्षेत्र**	**१ लाख**
१	७	क) मेची राजमार्ग	कृषि	मेची राजमार्ग अन्तर्गत पालटांगे देखि हर्कटेसम्मको कालोपत्रे सडकले छोएका कित्ताहरु	५० लाख
२		ख) मेची राजमार्ग पालटागे देखि घले टोल रमाइलो टोल हुँदै अम्वी टोल (अलवदर) सडक	कृषि	मेची राजमार्ग एकता टोल देखि घले धारा हुँदै (अलवदर) सडक आसपासका सबै कित्ताहरु	५ लाख
३		ग) मेची राजमार्गदेखि कन्याम चिया फ्याक्ट्री हुँदै नवज्यति आवि विरिङ खोलासम्मको सडक	कृषि	कन्याम चिया फ्याक्ट्री हुँदै नवज्यति आवि विरिङ खोलासम्मको सडक आसपास सबै कित्ताहरु	३ लाख
४		घ) कन्याम मेची राजमार्ग देखि वडा कार्यालय हुँदै जमुना डाँडा अम्वी विरिङ खोलासम्मको सडक	कृषि	जमुना डाँडादेखि अम्वी विरिङ खोलासम्मको सडक आसपासका सबै कित्ताहरु	२ लाख
५		ङ) प्रगति संस्थादेखि बिरिङ खोला जाने सडक	कृषि	प्रगति संस्था बिरिङ खोला जाने बाटो एकता टोलदेखि राइ टोल सम्मका सडक आसपासका सबै कित्ताहरु	२ लाख
६		**हर्कटे सुके पोखरि सडक**	**कृषि**	**हर्कटे सुके पोखरि सडकले नछोएका कित्ताहरु**	**२ लाख**

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
७		**सुकेपोखरि बोझोघारि सडक**	**कृषि**	**सुकेपोखरि बोझोघारि सडकले छोएका कित्ताहरु**	**२लाख**
८		**शौरे हुदै गोगने जोड्ने सडक**	**कृषि**	**शौरे हुदै गोगने जोड्ने सडक**	**१ लाख पचास हजार**
९		च) अन्य क्षेत्र भए	अन्य		५० हजार
१	८	क) वडा नं. ८ को सिमाना भीत्र पर्ने मेची राजमार्ग	व्यापारिक	क . पालटाङ्गे छिपीटार मेची राजमार्गले छोएका कित्ताहरु	५० लाख
				क. पालटाङ्गे छिपीटार मेची राजमार्गले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१० लाख
२		ख) छिपीटार अन्तु सडक	आवास	छिपीटार अन्तु सडकले छोएका कित्ताहरु	१५ लाख
				छिपीटार अन्तु सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	५ लाख
			कृषि	छिपीटार अन्तु सडकले नछोएका कित्ताहरु	५ लाख
३		ग) वडा नं. ८ अलवेदर सडक	कृषि	अलवेदर सडकले छोएका कित्ताहरु	५ लाख
				अलवेदर सडकले नछोएका कित्ताहरु	३ लाख
४		घ) पालटाङ्गे सिद्धिखोला सडक	कृषि	पालटाङ्गे सिद्धिखोला सडकले छोएका कित्ताहरु	१० लाख
				पालटाङ्गे सिद्धिखोला सडकले नछोएका कित्ताहरु	५ लाख
५			आवास	क . सिगाँने खोल्सी सिद्धेश्वरी मन्दिर सडकले छोएका कित्ताहरु	१२ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
		ङ) सिगाँने खोल्सी सिद्धेश्वरी मन्दिर सडक		ख . सिगाँने खोल्सी सिद्धेश्वरी मन्दिर सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	५ लाख
			कृषि	सिगाँने खोल्सी सिद्धेश्वरी मन्दिर सडकले नछोएका कित्ताहरु	५ लाख
६		अन्य क्षेत्र भए	अन्य		५०हजार
१	९	क) फिक्कल पशुपतिनगर कालोपत्रे सडक (वडा नं.९ को सिमानाभित्र)	व्यापारिक	क. १० नं.वडाको सिमानादेखि मानेसम्मका कित्ता (सडकको क्षेत्र बाहेक दायाँबायाँ २५ मिटर)	४० लाख
				ख. १० नं.वडाको सिमानादेखि मानेसम्मका कित्ता (सडकको क्षेत्र बाहेक दायाँबायाँ २५ मिटर) बाँकि क्षेत्रफल	५ लाख
			आवास	मानेबाट ३ नं. वडाको सिमानासम्म १०० मिटर सम्म	८ लाख
			कृषि	सडक आसपास व्यापारिक र आवास क्षेत्र बाहेकका कित्ताहरु	२ लाख
२		ख) गुप्ति नयाँबजार सडक	आवास	क.गुप्ती नयाँबजार सडकले छोएका कित्ताहरु	५लाख
			कृषि	क.आवास क्षेत्र बाहेक गुप्ती नयाँबजार सडकले नछोएका कित्ताहरु	२ लाख
३		ग) माने गोर्खे पान्दाम सडक	आवास	माने गोर्खे पान्दाम सडकले छोएका कित्ताहरु	५लाख
			कृषि	आवास क्षेत्र बाहेक माने गोर्खे पान्दाम सडकले नछोएका कित्ताहरु	२ लाख
४		घ) बरबोटे गैरीगाउँ कजेनी सडक (अलवेदर)	आवास	बरबोटे गैरीगाउँ कजेनी सडकले छोएका कित्ताहरु	८ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
			कृषि	आवास क्षेत्र बेहक अलवेदर सडकले नछोएको कित्ताहरु	४ लाख
५		ङ) बरबोटे सुदुङ माझगाउँ कट्टेबुङ श्रीअन्तु सडक	कृषि	बरबोटे सुदुङ माझगाउँ कट्टेबुङ श्रीअन्तु सडकले छोएका कित्ताहरु	५ लाख
				बरबोटे सुदुङ माझगाउँ कट्टेबुङ श्रीअन्तु सडकले नछोएका कित्ताहरु	२ लाख
		च) अन्य क्षेत्र भए	अन्य		५० हजार
१	१०	क) मेची राजमार्ग छिपिटार वडा नं. ८ देखि वडा नं१२ सिमाना सम्मको सडक	व्यापारिक	क. मेची राजमार्ग वडा नं.१० को सिमानाभित्र (छिपिटारदेखि गुम्बापथसम्म) कालोपत्रेले छोएका कित्ताहरु	९६ लाख
				ख. मेची राजमार्ग वडा नं.१० को सिमानाभित्र (छिपिटारदेखि गुम्बापथसम्म) कालोपत्रेले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५ लाख
				क. दावा गोलाई बरबोटे चक्रपथ सडकले छोएका कित्ताहरु	३०लाख
				ख. दावा गोलाई बरबोटे चक्रपथ सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५ लाख
				क छिपिटार ग्यारेज पिएचसि हुँदै फिक्कल पुरानो बजार गुम्बा पथ (माथिल्लो सडक)ले छोएका कित्ताहरु	५५ लाख
				ख. छिपिटार ग्यारेज पिएचसि हुँदै फिक्कल पुरानो बजार गुम्बा पथ (माथिल्लो सडक)ले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५ लाख
				क. नगरपालिका परिसर हुँदै चक्रपथ सडकले छोएका कित्ताहरु	३०लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				ख नगरपालिका परिसर हुँदै चक्रपथ सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५लाख
			आवास	क. गुम्बापथबाट वडा नं.११ को सिमानासम्म कालोपत्रे सडकले छोएका कित्ताहरु	४० लाख
				गुम्बापथबाट वडा नं.११ को सिमानासम्म कालोपत्रे सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५ लाख
२		ख) छिपिटार रमिते याङखोला हुँदै १२ नं. वडा जोड्ने सडक	कृषि	छिपिटार रमिते याङखोला हुँदै १२ नं. वडा जोड्ने सडकले छोएका कित्ताहरु	८लाख
				साथै रिङ्गरोड छिपिटार मुख भइ रमिते हुदै गुम्बापथ भइ थाक्ले घाट जोड्ने बाटोको मुख सम्मका कित्ताहरु	८लाख
			कृषि	छिपिटार रमिते याङखोला हुँदै १२ नं. वडा जोड्ने सडकले नछोएका कित्ताहरु	५लाख
४		ग) बाह्रमासे सडक गुम्वापथदेखि जोगमाई हाइड्रो जाने सडक	कृषि	बाह्रमासे सडक गुम्वापथदेखि जोगमाई हाइड्रो जाने सडकले छोएका कित्ताहरु	८लाख
			कृषि	बाह्रमासे सडक गुम्वापथदेखि जोगमाई हाइड्रो जाने सडकले नछोएका कित्ताहरु	५ लाख
5		घ) मेची राजमार्ग डाक्टरखोला मुखदेखि डाँडागाउँ स्वामी गाउँ जोड्ने सडक	कृषि	मेची राजमार्ग डाक्टरखोला मुखदेखि डाँडागाउँ स्वामी गाउँ जोड्ने सडकले छोएका कित्ताहरु	3 लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
			कृषि	मेची राजमार्ग डाक्टरखोला मुखदेखि डाँडागाउँ स्वामी गाउँ जोड्ने सडकले नछोएका कित्ताहरु	२लाख
६		ङ) मेची राजमार्ग गुम्बापथ मुख भै चक्रपथ रामेखोला याङ हुँदै थक्ले घाट विरिङ खोला वडा नं ७ जोड्ने सडक	कृषि	क. मेची राजमार्ग गुम्बापथ मुख भै चक्रपथ रामेखोला याङ हुँदै थक्ले घाट विरिङ खोला वडा नं ७ जोड्ने सडकले छोएका कित्ताहरु	३ लाख
				ख. मेची राजमार्ग गुम्बापथ मुख भै चक्रपथ रामेखोला याङ हुँदै थक्ले घाट विरिङ खोला वडा नं ७ जोड्ने सडकले नछोएका कित्ताहरु	१ लाख
		थप सडक		ग. शहिद चोक देखि रत्न चोक संगम टोल जाने अल वेदर सडक	२लाख
				घ. सिमपानी देखि प्रणामी टोलको बाटो	२लाख
				ङ . रमिते रिङ्गरोड हुदै विरिङ्ग खोला घाट जोड्ने सडकले छोएका कित्ता हरु	२लाख
				च. रामेखोला देखि शिव मन्दिर हुदै याङ्ग खोलाबाट वडा न १२ जोड्ने सडकले छोएका कित्ताहरु	२लाख
७		च) अन्य क्षेत्र भए	अन्य		५० हजार
१	११	क) मेची राजमार्ग	व्यापारिक	१२ नं. वडा कार्यालयदेखि सेन्टअगस्टेन वोर्डिङ स्कूलसम्म (तीनघरे बजार) मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु	६४ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				१२ नं. वडा कार्यालयदेखि सेन्टअगस्टेन वोर्डिङ स्कूलसम्म (तीनघरे बजार) मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५ लाख
			आवास	क. १० नं. वडाको सिमानादेखि १२ नं. वडा कार्यालय भवनसम्म मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु	३० लाख
				ख. १० नं. वडाको सिमानादेखि १२ नं. वडा कार्यालय भवनसम्म मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	१५ लाख
			कृषि	सेन्टअगस्टेन बोर्डिङ स्कूलदेखि इनपा सिमानासम्मको मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु	१५ लाख
			आवास	क. आइतबारे बजार क्षेत्र सडकको दायाँबायाँ २०० मिटरसम्मको जग्गा	२० लाख
				ख . आइतबारे बजार क्षेत्र सडकको दायाँबायाँ २०० मिटरसम्मको जग्गा बाँकि क्षेत्रफल	५ लाख
			कृषि	मेची राजमार्गले कालोपत्रे नछोएका कित्ताहरु	५ लाख
२		ख) बाह्रमासे सडक (All Weather Road)	कृषि	अलवेदर सडकले छोएका कित्ताहरु	५ लाख
			कृषि	अलवेदर सडकले नछोएका कित्ताहरु	२ लाख ५० हजार
३		ग) कालापनी–माघे हुँदै सिस्ने सडक	कृषि	कालापनी–माघे हुँदै सिस्ने सडकले छोएका कित्ताहरु	३ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
			कृषि	कालापनी–माघे हुँदै सिस्ने सडकले नछोएका कित्ताहरु	१ लाख
४		घ) आइतबारे–सुन्तले सडक	कृषि	आइतबारे–सुन्तले सडकले छोएका कित्ताहरु	३ लाख
				आइतबारे–सुन्तले सडकले नछोएका कित्ताहरु	१ लाख
५		ङ) तीनघरेदेखि सिर्जना टोल, साहारा टोल हुँदै असले खोला जोड्ने सडक	कृषि	तीनघरेदेखि सिर्जना टोल, साहारा टोल हुँदै असले खोला जोड्ने सडकले छोएका कित्ताहरु (गोदक जोड्ने सडकभन्दा माथि)	३ लाख
				तीनघरेदेखि सिर्जना टोल, साहारा टोल हुँदै असले खोला जोड्ने सडकले नछोएका कित्ताहरु (गोदक जोड्ने सडकदेखि १०० मि	१ लाख ५१ हजार
६		अन्य क्षेत्र भए	अन्य		५० हजार
१	१२	क) मेची राजमार्ग	व्यापारिक	क. मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु (मेरीगोल्डदेखि १२ नं. वडा कार्यालयसम्म तीनघरे बजार क्षेत्र)	६४ लाख
				ख. मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु (मेरीगोल्डदेखि १२ नं. वडा कार्यालयसम्म तीनघरे बजार क्षेत्र) बाँकि क्षेत्रफल	१० लाख
			आवास आवास	क. मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु (१२ नं.वडा कार्यालयदेखि कालापनीसम्म)	३०लाख
				ख. मेची राजमार्ग कालोपत्रे सडकले छोएका कित्ताहरु (१२ नं.वडा कार्यालयदेखि कालापनीसम्म) बाँकि क्षेत्रफल	१०लाख
				क. मेची राजमार्गको व्यापारिक क्षेत्र बाहेक सडकको दायाँबायाँ १०० मिटरसम्मको क्षेत्र	१६ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				ख. मेची राजमार्गको व्यापारिक क्षेत्र बाहेक सडकको दायाँबायाँ १०० मिटरसम्मको क्षेत्र बाँकि क्षेत्रफल	१० लाख
			कृषि	मेची राजमार्गको आसपास व्यापारिक र आवास क्षेत्र बाहेकका बाँकी सबै क्षेत्र	१० लाख
२		ख) तिनघरे जुरे भञ्ज्याङ हुँदै रोङ १ जोड्ने सडक	आवास	क. तिनघरे जुरे भञ्ज्याङ हुँदै रोङ १ जोड्ने सडकले छोएका कित्ताहरु	१० लाख
				ख. तिनघरे जुरे भञ्ज्याङ हुँदै रोङ १ जोड्ने सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	३ लाख
			कृषि	तिनघरे जुरे भञ्ज्याङ हुँदै रोङ १ जोड्ने सडकले नछोएका कित्ताहरु	१ लाख
३		ग) शान्ति गोलाई हुँदै छिपिटार जाने सडक	आवास	क. शान्ति गोलाई हुँदै छिपिटार जाने सडकले छोएका कित्ताहरु	१० लाख
				ख. शान्ति गोलाई हुँदै छिपिटार जाने सडकले छोएका कित्ताहरु बाँकि	३ लाख
				क्षेत्रफल	
			कृषि	शान्ति गोलाई हुँदै छिपिटार जाने सडकले नछोएका कित्ताहरु	३ लाख
४		घ) बाह्रमासे सडक (All Weather Road)	आवास	बाह्रमासे सडक (All Weather Road सडकले छोएका कित्ताहरु	१० लाख
				बाह्रमासे सडक (All Weather Road) सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	२ लाख
			कृषि	बाह्रमासे All Weather Road) सडकले नछोएका कित्ताहरु	२ लाख
५			आवास	गुम्वापथ हुँदै जुरे भञ्ज्याङसम्मको सडकले छोएका कित्ताहरु	८ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				गुम्वापथ हुँदै जुरे भञ्ज्याङसम्मको सडकले छोएका कित्ताहरु बाँकि क्षेत्रफल	३लाख
६		ङ) गुम्वापथ हुँदै जुरे भञ्ज्याङसम्मको सडक	कृषि	गुम्वापथ हुँदै जुरे भञ्ज्याङसम्मको सडकले नछोएका कित्ताहरु	३ लाख
			कृषि	मलिम स्वास्थ्य केन्द्रबाट शान्तिपुर जोड्ने सडक खण्डको सुन्दर बेसि सडक आसपासका कित्ताहरु	१ लाख पचास हजार
७			कृषि	गुम्वापथ हुँदै जुरे भञ्ज्याङसम्मको सडकले नछोएका कित्ताहरु बाँकि क्षेत्रफल	२ लाख
८		च) अन्य क्षेत्र भए	अन्य		५० हजार
१	१३	क) भालुखोपदेखि पोखरी हुँदै उत्तरे भञ्ज्याङसम्मको सडक	आवास	इनपा १० को सिमानादेखि कुलबहादुर राईको घरसम्म सडकले छोएका कित्ताहरु	३लाख
				कुलबहादुर राईको घरदेखि कारबारी डाँडासम्म सडकले छोएका कित्ताहरु	१० लाख
			कृषि	भालुखोपदेखि पोखरी हुँदै उत्तरे भञ्ज्याङसम्मको सडकले नछोएका कित्ताहरु	१ लाख ५० हजार
२		ख) पोखरीबाट डाक्टर गाउँ, कोल्बोटे, पिपलडाँडा हुँदै रोङ १ जोड्ने सडक (All Weather Road)	कृषि	पोखरीबाट डाक्टर गाउँ, कोल्बोटे, पिपलडाँडा हुँदै रोङ १ जोड्ने सडक (All Weather Road) ले छोएका कित्ताहरु	१ लाख ५० हजार
				पोखरीबाट डाक्टर गाउँ, कोल्बोटे, पिपलडाँडा हुँदै रोङ १ जोड्ने सडक (All Weather Road)ले नछोएका कित्ताहरु	८० हजार

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
३		ग) भुटाने चोकबाट देवीस्थान गुराँसे खानी भञ्ज्याङ हुँदै रोङ २ जोड्ने सडक	कृषि	भुटाने चोकबाट देवीस्थान गुराँसे खानी भञ्ज्याङ हुँदै रोङ २ जोड्ने सडक आसपासको सबै कित्ताहरु	१ लाख
४		घ) पोखरीदेखि लक्ष्मी टोल, हुँदै इनपा १० रामचोक जोड्ने सडक	कृषि	पोखरीदेखि लक्ष्मी टोल, हुँदै इ.न.पा. १० रामचोक जोड्ने सडक आसपासका सबै कित्ताहरु	१ लाख ५० हजार
५		ङ) दुधकेन्द्र, सिरुपाखा, आरुबोटे हुँदै खानीभञ्ज्याङ, टाङटिङ्गसम्म जोड्ने सडक	कृषि	दुधकेन्द्र, सिरुपाखा, आरुबोटे हुँदै खानीभञ्ज्याङ, टाङटिङ्गसम्म जोड्ने सडक आसपासका सबै कित्ताहरु	१ लाख
६		च) पोखरी भञ्ज्याङबाट तल्लो माथिल्लो खुन्द्रुके हुँदै सूनपा १२ जोड्ने सडक	कृषि	पोखरी भञ्ज्याङबाट तल्लो माथिल्लो खुन्द्रुके हुँदै सूनपा १२ जोड्ने सडक आसपासका सबै कित्ताहरु	१ लाख
७		च) अन्य क्षेत्र भए	अन्य		५० हजार
१	१४	क) भालुखोप बतासे बर्दु खुदुनावारी सडक	आवास	भालुखोप बतासे बर्दु खुदुनाबारी सडकको दायाँबायाँ सडकले छोएका १३ र १४ नं. वडाको सिमानाबाट १४ नं. वडा कार्यालयसम्म पर्ने जग्गाका कित्ताहरु	१० लाख
				वडा नं.१४ को कार्यालयबाट खुदुनावारी सिमानासम्म सडकले छोएका दायाँवायाँका जग्गाका कित्ताहरु	२ लाख
२		ख) बतासे हेल्थपोष्ट जिमिखाँद भुतेनी गोदक सडक(All Weather Road	कृषि	बाह्रमासे सडकले छोएका दायाँ वायाँका कित्ताहरु	२ लाख

क्र.सं.	वडा नं.	सडकको नाम वा स्थान	क्षेत्र	वर्गीकरण गरिएको जग्गाको विवरण	फिल्डबाट बुझिएको चलनचल्तीको मूल्य रु. (प्रति रोपनी)
				बाह्रमासे सडकले नछोएका जग्गाहरु	१ लाख
३		ग) कटुसे बजार रामडाँडा चुम्बाङ्ग हुँदै इ.न.पा.१० गोदक जोड्ने सडक	कृषि	कटुसे बजार रामडाँडा चुम्बाङ्ग हुदै इ.न.पा.१० गोदक जोड्ने सडकले छोएका कित्ताहरु	२ लाख
				कटुसे बजार रामडाँडा चुम्बाङ्ग हुँदै इ.न.पा.१० गोदक जोड्ने सडकले नछोएका कित्ताहरु	१ लाख
४		घ) कटुवाल भन्ज्याङ्ग वर्दु वतासे सिम्ले कागुनेहुदै सहकाले गाउँ सडक	कृषि	कटुवाल भन्ज्याङ्ग वर्दु वतासे सिम्ले कागुनेहुँदै सहकाले गाउँ सडकले छोएका कित्ताहरु	२लाख
				कटुवाल भन्ज्याङ्ग वर्दु वतासे सिम्ले कागुनेहुदै सहकाले गाउँ सडकले नछोएका कित्ताहरु	१ लाख
५		ङ) वर्जे गोलाई बीचगाउँ १३ नं. वडा जोड्ने सडक	कृषि	वर्जे गोलाई विचगाउँ १३ नं. वडा जोड्ने सडकले छोएका कित्ताहरु	२ लाख
				वर्जे गोलाई विचगाउँ १३ नं. वडा जोड्ने सडकले नछोएका कित्ताहरु	१ लाख
६		अन्य क्षेत्र भए	अन्य		५० हजार

अनुसूची - ४

(दफा (४) सँग सम्वन्धित)

घरवहाल करको दर (आ.व. २०७८/७९)

(क) आवाशीय प्रयोजनका लागि घरवहाल लगाएकोमा वहाल रकमको ७ प्रतिशतले हुन आउने रकम

(ख) अन्य प्रयोजनका लागि घरवहाल लगाएकोमा वहाल रकमको १० प्रतिशतले हुन आउने रकम

अनुसूची - ५

(दफा (५) सँग सम्वन्धित)

प्रदेश सरकारले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्कको दर (आ.व. २०७८/७९)

प्रदेश सरकारको आर्थिक ऐन, २०७८ मा उल्लेख भए अनुसार

अनुसूची - ६

(दफा (६) सँग सम्बन्धित)

सवारी साधन कर (आ.व. २०७८/७९)

(क) टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा)

सवारी साधन दर्ता – प्रति सवारी साधन वार्षिक रु. ५०००.००

सवारी साधन दर्ता नवीकरण – प्रति सवारी साधन वार्षिक रु. ३०००.००

(ख) विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश विन्दुमा लिइने सवारी प्रवेश शुल्कको दर (प्रतिसवारी साधन प्रति पटक)

क्र.सं.	सवारी साधनकोविवरण	दर रु.	कैफियत
१	हेभी इक्विपमेन्ट (डोजर, लोडर, एक्साभेटर)	१६०	
२	निजी तथा भाडाका ट्रक ट्याक्टर	८०	
३	निजी तथा भाडाका बस, पिकअप, मिनिबस, ट्याक्सी, भ्यान आदि	४८	
४	निजी तथा भाडाका कार, टेम्पो	३२	

(ग) विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश शुल्क संकलन गर्ने कर संकलन केन्द्रहरु र ठेक्का वन्दोवस्त गर्ने प्रयोजनका लागि वार्षिक निर्धारित न्यूनतम वार्षिक ठेक्का अंक र संकलन केन्द्रहरु :

क्र.सं.	विवरण	न्यूनतम वार्षिक कबोल रकम	कैफियत
१	पशुपतिनगर	रु. २००००००/-	
२	मानेभञ्ज्याङ		
३	छब्बिसे		

अनुसूची - ७

(दफा (७) सँग सम्वन्धित)

प्रदेश सरकारबाट लगाइएको मनोरञ्जन करको दर (आ.व. २०७८/७९)

प्रदेश सरकारको आर्थिक ऐन, २०७८ मा उल्लेख भए अनुसार

अनुसूची – ८

(दफा (८) सँग सम्वन्धित)

विज्ञापन करको दर (आ.व. २०७८/७९) बार्षिक रु

क्र.सं.	**विवरण**	**इकाई**	**दर रु.**	**कैफियत**
१	६X६ फुट सम्मको होर्डिङबोड सार्वजनिकस्थल			

क्र.सं.	विवरण	इकाई	दर रु.	कैफियत
	क.बजार क्षेत्र (फिक्कल, तिनघरे, हर्कटे, कन्याम, पशुपतिनगर, श्रीअन्तु)	वार्षिकप्रति वोर्ड	१०००	
	ख.अन्य क्षेत्र	वार्षिकप्रति वोर्ड	८००	
२	६X६ फुट भन्दा ठुलो होर्डिङबोडसार्वजनिक स्थल			
	क.बजार क्षेत्र (फिक्कल, तिनघरे, हर्कटे, कन्याम, पशुपतिनगर, श्रीअन्तु)	वार्षिकप्रति वर्ग फिट	५०	
	ख.अन्य क्षेत्र	वार्षिकप्रति वर्ग फिट	४०	
३	पसलमागेट बनाइ राखिने विज्ञापन	पटक	३००	
४	सोलार बत्तिकोपोलमा २"x३" फिट (न पा ले निर्धारण गरेको साइज) को वोर्डमा राख्नेविज्ञापन	वार्षिकप्रति पोल	१०००	
५	डिजिटलडिस्प्ले वोर्ड	वार्षिकप्रति वर्ग फिट		
६	विज्ञापनप्रयोजनका लागि बनाइने स्वागत गेट	प्रतिगोटा प्रत्येक पटक	५००	
६	पोष्टरपोष्टर	प्रतिगोटा प्रति वर्ग फिट	५	
७	भित्तेलेखन	प्रतिगोटा प्रति वर्ग फिट	२	

उल्लेखित बमोजिमको विज्ञापन कर असुली ठेक्का बन्दोवस्त गर्ने प्रयोजनका लागि वार्षिक न्यूनतम कबोल अंक रु. १००००००।- निर्धारण गरिएको छ।

अनुसूची - ९

(दफा (९) को उपदफा (१)सँग सम्वन्धित)

व्यवसाय करको दर (आ.व. २०७८/७९)

क्र.सं.	विवरण	दर रु.	कैफियत
	व्यवसाय कर	दर्ता	
१	इलेक्ट्रोनिक पसलमा भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर आदिको व्यापारमा		
	क. ठूला (दश लाख भन्दा माथि स्थिर सम्पति भएको)	४०००.००	
	ख. मझौला (१० लाख सम्म स्थीर सम्पति भएको)	२०००.००	
२	मदिरा तथा चुरोट डिलर		
	क. मदिराको डिलर	५०००	
	ख. चुरोट डिलर	२०००	
३	ज्वेलरी	५०००	
४	निर्माण सामग्री बेच्ने पसल	३५००	
	सानो	३५००	
	ठूलो	५०००	
५	फर्निसिङको सामग्री कार्पेट,पर्दा आदि वस्तुको थोक तथाखुद्रा व्यापारमा		

क्र.सं.	विवरण	दर रु.	कैफियत
	क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको)	२०००	
	ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको)	१५००	
	ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको)	१०००	
६	दैनिक उपभोगका खाद्यपदार्थ, कपडा, व्यापारमा		
	क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको)	२०००	
	ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको)	१०००	
	ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको)	५००	
७	कृषि जन्य वस्तुको थोक तथा खुद्रा व्यापारमा		
	क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको)	२०००	
	ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको)	१०००	
	ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको)	५००	
८	**सवारी साधन विक्रेता**		
	क. मोटरसाइकल सोरुम	५०००	
	ख. गाडी सोरुम	१००००	
९	विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा		
	क. चिकित्सक	१५००	
	ख. कविराज	१५००	
	ग. इञ्जिनीयर	१५००	
	घ. कानुन व्यवसायी	१५००	
	ङ लेखापरीक्षक	१५००	
	च. दन्तचिकित्सक	१५००	
	छ. कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर	१५००	
	ज.बीमा एजेन्ट	१५००	
	झ. सर्भेयर	१५००	
